# नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग

# स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र



| | | | |
|---|---|---|---|
| | दर्ता मिति | | |
| आयकर: | १० | ०१ | २०७६ |
| | दिन | महिना | साल |

**स्थायी लेखा नम्बर** : ६ ० ९ ५ १ ६ २ ३ ६

**आन्तरिक राजस्व कार्यालय** : आन्तरिक राजस्व कार्यालय पुतलीसडक

**कारोबारको नाम** : मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड

**करदाताको प्रकार** : पब्लिक लिमिटेड

**ठेगाना** : वार्ड नं. २८, बागबजार
महानगरपालिका: काठमाडौं,
काठमाडौं

**व्यवसायका कारोबारहरु** : विद्युत उत्पादन तथा वितरण,

**करदाताको दस्तखत**

**कर अधिकृत**

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:

- कारोवार गर्दा अनिवार्य रुपमा बिल विजक जारी गर्नुपर्छ ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ ।
- अन्तःशुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ताको प्रमाण-पत्र

दर्ता नं: २१३२४०/७५/०७६

श्री मनकामना दरौंदी हाइड्रोपावर कम्पनी

नामको पब्लिक लिमिटेड कम्पनी संम्वत् २०७६ साल बैशाख महिना ०४ गते रोज ४ मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ ।

स. रजिष्ट्रार

मिति: २०७६-०१-०४

Government of Nepal

Ministry of Industry, Commerce & Supplies

# Office of the Company Registrar

## CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation has been issued to

M/s Manakamana Daraundi Hydropower Company

Public Limited having incorporated it on the 17 day of April, 2019 pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.

Asst. Registrar

Date: 2019-04-17

शर्त : कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वय गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोबार गर्नु पर्नेछ ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

## उद्योग दर्ता प्रमाण-पत्र

## CERTIFICATE OF INDUSTRY REGISTRATION

उद्योग दर्ता नं.:-६८३३ | मितिः- २०८०।०३।२६

Industry Registration No: 6833 | Date: 2023-07-11

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७८ को नियम ४ को उपनियम (१) बमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| १. लगानीकर्ता/सञ्चालकको नामः- | दण्डपाणी बस्याल समेत | |
| २. उद्योगको नामः- | मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड | |
| Industry Name: - | MANAKAMANA DARAUNDI HYDROPOWER COMPANY LIMITED | |
| ३. उद्योगको ठेगानाः- | गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. १२ र १३ | |
| ४. उद्योगको उद्देश्यः- | जलविद्युत उत्पादन गर्ने (दरौंदी नदी जलविद्युत आयोजना) | |
| Objective of Industry: | HYDROELECTRICITY GENERATION | |
| ५. उद्योगको कूल पुँजीः रुः- | २,३१,००,७८,०००।- | (NRs. 2,310,078,000.00) |
| (क) स्थिर पुँजी रुः- | २,२८,५०,७८,०००।- | (NRs. 2,285,078,000.00) |
| (ख) चालु पुँजी रुः- | २,५०,००,०००।- | (NRs. 25,000,000.00) |
| ६. उद्योगको वर्गः- | उर्जामूलक (ENERGY BASED) | |
| उद्योगको स्तरः- | ठूला (LARGE) | ७. उद्योग संचालन हुने सिफ्ट संख्या :- ३ |
| ८. आवश्यक विद्युत शक्तिः- | 400 KVA | ९. संचालन दिन (प्रति वर्ष) :- ३६५ |
| १०. आवश्यक पर्ने जनशक्तिः- | १०३ जना | |

११. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकार :-

१२. उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार सुरु गर्नुपर्ने अवधि :- ५ (पाँच) वर्ष

१३. उद्योगको वार्षिक क्षमता :- HYDROELECTRICITY – 9.84 M.W.

१४. अन्यः

प्रमाणित गर्ने अधिकृतको
२०८०।३।२६

नाम :-

पद :- विश्वबन्धु रेग्मी

हस्ताक्षर :- शाखा अधिकृत

मिति :-

नोटः उद्योगले पालना गर्नुपर्ने शर्तहरू यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(.......अनुमतिपत्र महाशाखा.......)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१।८१
चलानी नं.:- चलानी: 265

मिति: २०८१/०६/१०

विषय : दरौंदी नदी जलविद्युत आयोजना (९.८४ मे.वा.)को विद्युत उत्पादन अनुमतिपत्र बारे ।

श्री मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड,
बागबजार, काठमाण्डौ म.न.पा.२८, काठमाण्डौ ।
फोन :९८५१०१८१४३
Email:mdhydro75@gmail.com

प्रस्तुत विषयमा त्यस कम्पनीले दरौंदी नदी जलविद्युत आयोजना (९.८४ मे.वा.) को विद्युत उत्पादन अनुमतिपत्र पाउन मिति: २०८१/०५/११ मा दिएको दरखास्त अनुसार विद्युत ऐन ,२०४९ को दफा ४ को उपदफा २ र विद्युत नियमावली ,२०५० को नियम १७ बमोजिम नेपाल सरकार ,ऊर्जा ,जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग (महानिर्देशकस्तर)को मिति:२०८१/०५/२८ गतेको निर्णयानुसार मिति:२११६/०५/२७ सम्म बहाल रहने गरी जारी भएको विद्युत उत्पादनको अनुमतिपत्र संख्या वि.वि.वि. ०८१/८२ वि.उ.४५६ यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

संलग्न : विद्युत उत्पादनको अनुमतिपत्र संख्या वि.वि.वि. ०८१/८२ वि.उ. ४५६ ।

(पुनम पाण्डे)
इन्जिनियर

बोधार्थ:
श्री ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरवार ।
श्री विद्युत नियमन आयोग, काठमाडौं ।
श्री विद्युत विकास विभाग ।

- आयोजना अध्ययन महाशाखा ।
- निरीक्षण अनुगमन तथा सुबिधा सिफारिस महाशाखा ।
- योजना, वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा ।
- आर्थिक प्रशासन शाखा : *मिति:२०८०/०९/०३ मा आ.र.नं १५४, ने.रा.बै. ध.भौ.नं.६१४२८२ बाट अनुमतिपत्र दस्तुर बापत रु ७,००,०००.०० अक्षेरुपी सात लाख मात्र राज्श्व खातामा जम्मा हुन ।*

श्री गोरखा नगरपालिकाको कार्यालय, गोरखा नगरपालिका, गोरखा ।
श्री पालुङ्गटार नगरपालिकाको कार्यालय, पालुङ्गटार नगरपालिका, गोरखा ।
श्री शहिद लखन गाउँपालिकाको कार्यालय, शहिद लखन गाउँपालिका, गोरखा ।

नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## विद्युत विकास विभाग

## विद्युत उत्पादनको अनुमतिपत्र

(दरौंदी नदी जलविद्युत आयोजना-९.८४ मेगावाट)

अनुमतिपत्र संख्याः वि.वि.वि. ०८१/८२, वि.उ.४५६

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

श्री मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड,
बागबजार, काठमाण्डौ म.न.पा.२८, काठमाण्डौ ।
फोन :९८५१०१८१४३
Email:mdhydro75@gmail.com

महाशय,

विद्युत उत्पादनको लागि अनुमतिपत्र पाउन मिति २०८१/०५/११ मा दिनुभएको दरखास्त अनुसार देहायका विवरणहरू खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली ,२०५० को नियम १७ बमोजिम देहायका शर्तहरू सहित यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. अनुमतिपत्र पाउने व्यक्ति वा संगठित संस्थाको पूरा नाम र ठेगाना :
श्री मनकामना दरौंदी हाइड्रोपावर कम्पनी लिमिटेड
बागबजार,काठमाण्डौ म.न.पा.२८, काठमाण्डौ
फोन ९८५१०१८१४३

| | |
|---|---|
| २. विद्युत परियोजनाको नाम | : दरौंदी नदी जलविद्युत आयोजना (PRoR Type, 6 hours ) |
| जडित क्षमता | : ९.८४ मेगावाट |
| सरदर वार्षिक उत्पादन ऊर्जा | : ५९.०९ गिगावाट घण्टा। |
| ३. विद्युत शक्ति उत्पादन गर्ने साधन | : जलश्रोत (नदी)। |
| ४. जलश्रोत उपयोग गरिने भए | |
| (क) नदीको नाम | : दरौंदी नदी। |
| (ख) जलश्रोत उपयोग गर्न पाइने क्षेत्र | |
| (अ) प्रदेश | : गण्डकी प्रदेश । |
| (आ) जिल्ला | : गोरखा जिल्ला । |
| (इ) स्थानीय | : गोरखा र पालुङ्गटार नगरपालिका र शहिद लखन गाउँपालिका। |
| (ई) पूर्व | : ८४° ३३' ३५" E |
| पश्चिम | : ८४° ३२' ०० " E |
| उत्तर | : २७° ५७' ४०" N |
| दक्षिण | : २७° ५५' १०" N |
| (ग) प्रयोग गरिने जलश्रोतको परिमाण | : डिजाईन डिस्चार्ज : २७.९७ घनमिटर प्रति सेकेण्ड । |
| (घ) आयोजनाको ग्रस हेड | : ४६ मि. । |

५. मुख्य मुख्य संरचनाहरूको विवरण :

क) बाँध र इन्टेक (**Diversion Barrage and Intake**)

आयोजनालाई आवश्यक पर्ने पानी लिनको लागि दरौंदी नदीमा ४७ मि. X २८ मि. X ९.० मि. उचाईको बाँध रहनेछ। सो बाँधको crest elevation समुद्री सतहबाट ३४१.८० मि. उचाईमा रहनेछ। उक्त बाँधको दायाँ किनारामा २ वटा २.५० मि. X २.५ मि. उचाईको Side Intake रहनेछ ।

ख) सेटलिङ बेसिन (**Settling Basin**)

Side Intake बाट ४४.५० मि. X १.० मि. X १.० मि. आकारको Gravel Trap हुदै १६४.७० मि. X ३ मि. X ३ मि. उचाई भएको Connecting Canal हुदै पानीलाई ९० मि. X २८ मि. X ९.८७ मि. गहिराई भएको Settling Basin मा पुऱ्याईनेछ ।

ग) हेड पोण्ड (**Head Pond**)

Settling Basin हुँदै पानीलाई १५.३८ मि. X १३.६० मि. X ६.८७ मि. गहिराई भएको Head Pond मा पुऱ्याईनेछ।

घ) हेडरेस पाइप र हेडरेस सुरुङ्ग (Headrace Pipe and Headrace Tunnel)

Head Pond पश्चात पानीलाई ३४० मि. लम्बाई ,३.३ मि.व्यास र ८ मि.मि. देखि १० मि.मि. मोटाइ भएको हेडरेस पाइप हुँदै २५०० मि. लम्बाई , ४.२० मि. X ४.२० मि. (D-Shaped) हेडरेस सुरुङ्ग हुँदै सर्ज ट्यांकमा लगिनेछ।

ङ) सर्ज ट्यांक (**Surge Tank**)

हेडरेस सुरुङ्ग पश्चात पानीलाई २६.१४ मि. उचाई र १२ मि. व्यास भएको सर्ज ट्यांकमा लगिनेछ।

च) पेनस्टक पाइप (**Penstock Pipe**)

सर्ज ट्यांक पश्चात पानीलाई १५५ मि. लम्बाई, २ मि. देखि २.९० मि.व्यास र १५-२५ मि.मि.मोटाई भएको पेनस्टक पाईप मार्फत विद्युत गृहमा पुऱ्याइनेछ।

छ) विद्युतगृह (**Powerhouse**)

दरौंदी नदीको दायाँ किनारमा ४० मि. X २५.२८ मि. X २६.४१ मि. उचाईको सतही विद्युत गृह रहनेछ। विद्युत गृहमा २ X ५०७२ किलोवाट क्षमताको Horizontal Axis Francis Turbine र सो सँग coupled गरिएका २ X ५.७९ MVA(pf=0.85) क्षमताको जेनेरेटर रहनेछन्। Turbine को Axis level २९२.५ मि.उचाईमा रहनेछ ।

ज) टेलरेस (**Tailrace**)

१०० मि. लम्बाई, ४ मि. चौडाई र ४ मि. गहिराई भएको टेलरेस नहर मार्फत पानीलाई दरौंदी नदीमा छाडिनेछ।

झ) स्विचयार्ड (**Switchyard**)

उत्पादित विद्युतलाई विद्युत गृह नजिक रहने Switchyard मा २ वटा ३ Phase ६.०० MVA को पावर ट्रान्सफर्मर मार्फत उपयुक्त switching mechanism मार्फत step up गरी प्रसारण लाइनमा जोनेछ ।

६. अनुमतिपत्र बहाल रहने अवधि :

मिति : २०८१/०५/२८ देखि मिति :२११६/०५/२७ सम्म ।

७. अन्य शर्तहरू :

(क) निम्न कागजातहरू यस अनुमतिपत्रको अभिन्न अङ्गको रुपमा रहनेछन्।

(अ) Detailed Engineering Design Report, November, 2023 :Vol-I (Main Report) ,Vol-II (Drawings) & Vol-III (Annexes).

(आ) वन तथा वातावरण मन्त्रालय(मा.मन्त्रीस्तर)को मिति:२०८१/०२/०२ गतेको निर्णयानुसार स्वीकृत दरौंदी नदी जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) तथा उक्त मन्त्रालयको मिति २०८१/०२/१४ च.नं.९५५ को पत्रमा उल्लेख भएका शर्तहरू कार्यान्वयन गर्ने गरी।

(इ) त्यस संस्था र नेपाल विद्युत प्राधिकरणबीच मिति २०८१/०२/२८ मा सम्पन्न विद्युत खरिद -बिक्री सम्झौता (Power Purchase Agreement(PPA)) |

(ख) आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा सोको लागि आवश्यक पर्ने फिल्ड अन्वेषणको कार्य, सुरक्षात्मक व्यवस्था सम्बन्धी जिम्मेवारी तथा वातावरणीय प्रभाव न्यूनीकरण सम्बन्धी सम्पूर्ण उत्तरदायित्वहरू त्यस संस्थामा रहनेछ।

(ग) आयोजनाको विद्युत उत्पादन क्षमतामा असर नपर्ने गरी माथि (क) (अ) मा उल्लेखित प्रतिवेदन तथा प्रकरण (५) मा उल्लेखित मुख्य संरचनाहरूको डिजाइनमा बृहत वा उल्लेखनीय परिवर्तन गर्नुपरेमा वा संरचना नै थपघट गर्नुपरेमा सोको पूर्व-स्वीकृती लिनुपर्नेछ। तर परियोजनाको निर्माणस्थलमा वातावरणीय वा अन्य प्रतिकूल असर नपर्ने गरी डिजाइनमा सामान्य हेरफेर वा परिवर्तन गर्नुपरेमा तत्सम्बन्धी जानकारी विद्युत विकास विभागलाई ३ महिना भित्रमा दिई गर्न सकिनेछ।

(घ) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू (जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायत) निर्माण गर्नुपर्नेछ।

(ङ) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम अनुमतिपत्र जारी भएको १ (एक) बर्ष भित्र निर्माण कार्य शुरु गर्नुपर्नेछ र निर्माण कार्य सम्पन्न नभएसम्म प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण विद्युत विकास विभागलाई दिनुपर्नेछ । आयोजनाको वित्तीय व्यवस्थापन (Financial Closure) दुई वर्षभित्र सम्पन्न गर्नुपर्नेछ। दुई वर्षको अवधि भित्र वित्तीय व्यवस्थापन सम्पन्न हुन नसकी प्रवर्द्धकले म्याद थपको लागि उक्त अवधि भित्रै माग गरेमा आवश्यकता एवं औचित्यका आधारमा कूल अवधि बढीमा तीन वर्षमा नबढ्ने गरी उक्त कार्यहरुका लागि म्याद थप दिन सकिनेछ । तीन वर्षको अवधि भित्र समेत उक्त कार्य सम्पन्न हुन नसक्ने भई प्रवर्द्धकले म्याद थपको लागि अनुरोध गरेमा सो सम्बन्धमा गरिएका प्रयास र सोको प्रगति समेतका आधारमा बढीमा दुई वर्षसम्मको अवधि थप गर्न सकिनेछ। यसरी अवधि थप हुने भएमा थप अवधिको लागि सो आयोजनाको जडित क्षमता वापतको क्यापासिटी रोयल्टी बराबरको प्रति किलोवाट १०० रुपियाँ प्रति वर्षका दरले हुन आउने रकम प्रवर्द्धकले बुझाउनु पर्नेछ। उक्त अवधिमा पनि उल्लिखित सबै कार्यहरु सम्पन्न हुन नसकेमा यो अनुमतिपत्र रद्ध हुनेछ ।

(च) आयोजना निर्माण, सञ्चालन तथा सम्भार अवधिभर वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्नका लागि वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ र वातावरण सम्बन्धी अन्य प्रचलित कानूनहरू पालना गर्नुपर्नेछ।

(छ) यस आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित वातावरणीय प्रभाव न्यूनीकरण, व्यवस्थापन तथा अनुगमन योजनामा उल्लेखित प्रावधानहरूको अधीनमा रही न्यूनीकरण तथा अनुगमनका कार्यहरू अनिवार्यरुपले कार्यान्वयन गर्नु गराउनु पर्नेछ। न्यूनीकरण तथा अनुगमन योजनामा संशोधन गर्नु परेमा विद्युत विकास विभाग तथा त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(ज) यस अनुमतिपत्रको अवधिभर स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम जलचरको संरक्षणको लागि पानी अविच्छिन्न रुपमा छाड्ने दायित्व त्यस संस्थाको हुनेछ र सोको अनुगमन विद्युत विकास विभागद्वारा गरिनेछ। साथै, सो प्रतिवेदनमा उल्लेख भए अनुसार बाँध भन्दा तल्लो तटीय क्षेत्रमा पानी खोलामा छाड्न र माछाको आवत जावतको लागि सोही प्रतिवेदनमा तोकिए बमोजिम संरचना निर्माण गर्नु पर्ने दायित्व त्यस संस्थाको हुनेछ ।

(झ) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भारका लागि संस्थाले आयात गर्ने निर्माण उपकरण, मेशिनरी, औजार तथा सोको लागि आवश्यक पार्टपुर्जामा विद्युत ऐन,२०४९ तथा अन्य प्रचलित कानून बमोजिमको सुविधा त्यस संस्थालाई उपलब्ध हुनेछ। अस्थाई निर्माण उपकरण, मेशिनरी औजार तथा सोको लागि आवश्यक पाटपुर्जाहरू प्रचलित कानून बमोजिम त्यस संस्थाले आयात गर्न सक्नेछ ।

(ञ) विद्युत ऐन,२०४९, विद्युत नियमावली ,२०५० तथा अन्य प्रचलित ऐन नियमहरूको अधीनमा रही आयोजना कार्यान्वयन, सञ्चालन तथा सम्भारको लागि आवश्यक पर्ने विविध स्थानीय अनुमतिपत्र तथा स्वीकृतिहरू, संचार सुविधा, विष्फोटक पदार्थ, पेट्रोलियम पदार्थ (ईन्धन),जग्गा खरीद, पानी, सडक निर्माण, शैक्षिक, स्वास्थ्य सुविधा, हेलिप्याड निर्माण लगायतका कार्यहरू गर्न तथा विदेशबाट आउने सामानहरू आयात गर्नका लागि त्यस संस्थाले अनुरोध गरेमा विद्युत विकास विभागले आवश्यक सहयोग गर्नेछ ।

(ट) विदेशी मुद्रा लगानी भएको अवस्थामा विद्युत ऐन, २०४९ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम विदेशी विनिमयको सुविधा त्यस संस्थालाई उपलब्ध हुनेछ र यस्तो विदेशी लगानीका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम आवश्यक स्वीकृतिहरू लिनुपर्नेछ।

(ठ) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भारको सम्पूर्ण जिम्मेवारी त्यस संस्थामा रहनेछ र अनुमतिपत्रको अवधि समाप्त भएपछि विद्युत ऐन, २०४९ मा भएको व्यवस्था र सोमा समय समयमा हुने संशोधन अनुसार आयोजना चालु हालतमा निःशुल्क नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ। हस्तान्तरण सम्बन्धी विधि र प्रक्रिया समय समयमा नेपाल सरकारले निर्देशन गरे बमोजिम हुनेछ र आयोजना हस्तान्तरण गर्दा आयोजनाको निर्माण तथा सञ्चालनको लागि खरिद गरिएको जग्गा जमिन लगायत सम्पूर्ण संरचना समेत नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गर्नुपर्नेछ ।

(ड) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भारमा त्यस संस्थाले प्रचलित श्रम ऐन तथा श्रम नियमावलीको अधीनमा रही सम्भव भएसम्म बढी स्थानीय सीप, श्रम, वास्तुकला, स्थानीय संस्था, विशेषज्ञ, ठेकेदार तथा निर्माण सामग्री आदिको प्रयोग गर्नुपर्नेछ ।

(ढ) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भार अवधिभर उपयुक्तस्तरको बीमाहरू गर्नुपर्नेछ। त्यस संस्थाले आयोजनाको बीमालेखका प्रतिलिपिहरू विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(ण) आयोजनाको निर्माण, सञ्चालन तथा सम्भारका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री, मेशिनरी, औजार उपकरण तथा तिनका पार्टपुर्जा ढुवानी गर्ने सम्पूर्ण जिम्मेवारी त्यस संस्थाको हुनेछ।

(त) आयकर तथा अन्य सुविधाहरू प्रचलित कानून बमोजिम हुनेछ।

(थ) त्यस संस्थाले नेपाल सरकारलाई प्रचलित ऐन बमोजिमको रोयल्टी देहाय अनुसार बुझाउनु पर्नेछ।

अ) **जडित किलोवाट वापत** : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको मितिले १५(पन्ध्र) दिनभित्र र तत्पश्चात् प्रत्येक वर्ष सोही समयमा।

आ) **ऊर्जा वापत** : पहिलो टर्वाइन जेनेरेटर युनिट व्यापारिक सञ्चालनमा आएको ४ (चार) महिनामा प्रथम पटक र त्यसपछि ४/४ महिनामा (फाल्गुण, चैत्र, बैशाख जेष्ठको आषाढ १५ गते भित्र, आषाढ, श्रावण, भदौ, असोजको कार्तिक १५ गते भित्र र कार्तिक, मंसिर, पौष, माघको फाल्गुण १५ गते भित्र)।

(द) निर्माणको चरणमा आयोजनाको क्षमता र क्षेत्र संशोधन वा सुदृढीकरण गर्नुपर्ने भएमा विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० एवं प्रचलित अनुमतिपत्र सम्बन्धी निर्देशिका बमोजिम स्वीकृतिको लागि दरखास्त दिनुपर्नेछ र आयोजना सञ्चालनमा नआउने भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ ।

(ध) त्यस कम्पनी/संस्थाको नाम,शेयरधनी वा शेयर संरचनामा परिवर्तन भएको ३० दिन भित्र परिवर्तित कागजात सहित सो को जानकारी विभागमा दिनु पर्नेछ। अन्यथा विद्युत ऐन,२०४९ बमोजिम कारवाही हुनेछ ।

(न) आयोजनामा सिभिल एवं इलेक्ट्रो-मेकानिकल सबै संरचना यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेख भए बमोजिमको जडित क्षमता अनुरुप हुने गरी निर्माण एवं जडान गर्नु पर्नेछ।

(प) यस अनुमतिपत्रको प्रकरण २ मा उल्लेख भए बमोजिम जडित क्षमता वापतको रोयल्टी बुझाउनुपर्नेछ ।

(फ) यस आयोजनाको माथिल्लो एवं तल्लो तटमा प्रस्तावित, निर्माणाधीन वा सञ्चालनमा रहेको जलविद्युत आयोजनाहरूलाई भौतिकरुपले असर नपर्ने एवं ती आयोजनाहरूसंग समन्वय गर्ने गरी निर्माण एवं संचालन कार्य गर्नुपर्नेछ।

(ब) नेपाल विद्युत प्राधिकरणबाट आयोजनाको Testing and Commissioning गर्दा विद्युत विकास विभागको प्रतिनिधि समेतको रोहवरमा गराउनु पर्नेछ ।

(भ) आयोजनाको व्यापारिक उत्पादन भएको ३ महिनाभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्ष समेटिएको १/१ प्रति Hard Copy र १ प्रति Soft Copy (CD/Pen Drive) मा कार्य सम्पन्न प्रतिवेदन (Project Completion Report), आयोजना निर्माण चरणहरूको तस्बिर तथा भिडियोहरू तथा निर्माण भए बमोजिमका नक्शाहरू (As-built Drawings) विद्युत विकास विभागमा पेश गर्नुपर्नेछ ।

(म) यस अनुमतिपत्रमा उल्लेखित शर्तहरूमा थपघट वा कुनै संशोधन गर्नुपरेमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता एवं औचित्यताका आधारमा विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(य) विद्युत उत्पादन अनुमतिपत्रको अवधिभर कुनै कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व-सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

(र) आयोजना निर्माण गर्दा अरु कुनै आयोजना वा भौतिक संरचना, व्यक्ति वा जमिनलाई प्रभाव पर्ने भएमा प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनुपर्नेछ ।

(ल) आयोजनाको निर्माण तथा सञ्चालनको लागि आवश्यक पर्ने निजी जग्गा सम्बन्धित जग्गाधनीहरूसँग खरीद गरी प्रवर्द्धक कम्पनीको नाममा दर्ता गर्नुपर्नेछ। सोको अद्यावधिक जानकारी विद्युत विकास विभागमा दिनु पर्नेछ। आयोजनाको लागि खरिद भएको जग्गा बिक्री वितरण गर्न पाइने छैन।

(व) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा निर्माणको चरणमा ठेकेदारले पालना गर्नुपर्ने भनि उल्लेख भएका सम्पूर्ण कार्यहरू र सो कार्यको पालना नहुँदा ठेकेदारको दायित्व समेत स्पष्ट खुल्ने गरि निर्माणको ठेक्का सम्झौता गर्नु पर्नेछ। सो अनुसार भएको ठेक्का सम्झौताको प्रति ठेक्का सम्झौता भएको १ (एक) महिनाभित्र विभागमा पेश गर्नु पर्नेछ। स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा पालना गर्नुपर्ने भनि उल्लेख भएको शर्तहरू कार्यान्वयन गर्ने जिम्मेवारी त्यस संस्थाको हुनेछ ।

(श) विद्युत ऐन, २०४९ को दफा ३३ (२) बमोजिम त्यस संस्थालाई आयोजना प्रयोजनका लागि आवश्यक जग्गा प्राप्त गराईदिन वा लिजमा उपलब्ध गराउन नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

(ष) आयोजनाबाट प्रभावित जिल्लाका समुदाय र व्यक्तिहरूले आयोजनामा शेयर लगानी गर्न चाहेमा प्रचलित कानून बमोजिम व्यवस्था गर्नु पर्नेछ।

(स) निर्माणको लागि आवश्यक पर्ने मुख्य उपकरणहरूको प्रमुख परिक्षणको अवलोकन (Inspection) को साथै PPA को Clause अनुसार हुने अवलोकन टोलिमा सोहि Clause अनुसार हुने गरी विद्युत विकास विभागबाट समेत कम्तिमा १ (एक) जना प्राविधिक कर्मचारीहरू खटाइनेछ।

(ह) यस अनुमतिपत्रको प्रकरण ५ (पाँच) मा उल्लेख भएका प्रत्येक संरचनाहरूको निर्माण कार्य सम्पन्न हुनु अगावै अनिवार्य रुपमा विद्युत विकास विभागलाई जानकारी गराउनु पर्नेछ। विभागले सो कार्यको स्थलगत अनुगमन र निरीक्षणको लागि आफ्नो प्राविधिक कर्मचारीहरू खटाउन सक्नेछ।

(क्ष) दैवी प्रकोप लगायत Force Majeure का अवस्थाहरूमा बाहेक आयोजना बन्द गर्नुपर्ने अवस्थामा तल्लो तटमा रहेका आयोजनाहरूमा असर पर्ने भएमा सोको क्षतिपूर्ति यस विभागको रोहबरमा प्रवर्द्धकले उक्त आयोजनाहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(त्र) आयोजना निर्माण पश्चात गरिने मर्मत सम्भारको कार्य विद्युत विकास विभागद्वारा तयार गरिएको "Operation & Maintenance Guidelines for Hydropower Plants, Sub-stations and Transmission Lines" समेतलाई अङ्गीकार गरी गर्नु पर्नेछ।

(ज्ञ) विद्युत विकास विभागको स्वीकृति बिना यो अनुमतिपत्र कुनै प्रकारले बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

(कक) भविष्यमा गण्डकी बेसिन गुरुयोजनामा पहिचान भएको मर्स्याङ्दी जलाशययुक्त ज.वि.आ.को कार्य अगाडि बढेमा सोको कारणबाट प्रस्तावित आयोजनालाई कुनै किसिमको प्रभाव पर्न गएमा आयोजनाको अध्ययन तथा निर्माण बापतमा लागेको खर्चको बारेमा प्रस्तावित कसैसँग कुनै प्रकारको क्षतिपूर्ति एवम् कुनै दावी विरोध गर्न पाइने छैन ।

<u>अनुमतिपत्र दिने अधिकारीको</u>

सही :

नाम : नविन राज सिंह

पद : महानिर्देशक
विद्युत विकास विभाग

मिति :२०८१/०५/२८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०